रेसुङ्गा नगरपालिकाको सम्पूर्ण नगरवासीहरूलाई अनुरोध

- नगरपालिकाले तोकेका निम्न सशुल्क पार्किङ स्थलमा मात्र मोटरसाइकल पार्किङ गरौं ।
  १) चिदीचौर गौमुखेधारा तलको खुला पार्किङ क्षेत्र । २) स्टार गेष्ट हाउस अगाडिको पार्किङ क्षेत्र ।
  ३) गुल्मी उद्योग वाणिज्य संघ पछाडिको पार्किङ क्षेत्र ।
  ४) उदिनदुङ्गा बसपार्कको दक्षिण तर्फको ब्रह्मपुरी कोलेनीको पार्किङ क्षेत्र ।
- नगरक्षेत्रमा सवारी साधनको गति कम गरौं । सम्भावित दुर्घटनालाई न्यूनीकरण गरौं ।
- सबै संघ-संस्था/उद्योगी व्यवसायीहरुले नगरपालिकामा आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गरी समयानुसार नविकरण गरी व्यवस्थित रुपले सञ्चालन गरौं ।
- यस नगरपालिकाभित्र घर बहालमा दिएका व्यक्ति /संघ संस्था/व्यवसायीहरुले बहाल रकममा १०% ले हुने रकम घर बहाल कर समयमै नगरपालिकामा दाखिला गरौं ।
- सबै नगरवासीहरुले आ-आफ्नो घर, पसल र टोलको नियमित सरसफाइ गरौं ।
- घरको फोहोर घरमै आफैले व्यवस्थापन गरौं । कुहिने र नकुहिने फोहरलाई आफैले छुट्याऔं । कम्पोष्ट विनको प्रयोग गरी कुहिने फोहोरबाट मल बनाऔं । अन्य फोहोर व्यवस्थापन गर्ने नगर विकास तथा वातावरण संरक्षण संस्थामा गई फोहोर व्यवस्थापन कार्ड बनाई फोहोर संकलन गाडीमा मात्र जम्मा गरौं ।
- प्लाष्टिकजन्य फोहोरलाई अलग्गै छुट्याई व्यवस्थापन गरौं ।
- आ-आफ्नो घरको छतको पानी बाटोमा नखसाली पाइपबाट तुरुन्तै व्यवस्थित गरौं ।
- फोहर फ्याक्नेलाई देख्नेले टिप्न लगाऔं ।
- खुला ठाउँमा दिसा पिसाव नगरौं ।
- निर्माण सामग्री बाटोमा झारेको बढीमा २ दिनभित्र व्यवस्थित रुपमा थन्काऔं । सडक तथा सार्वजनिक स्थल अवरोध नगरौं ।
- सेफ्टी ट्याङ्कको अनिवार्य व्यवस्था गरौं । खोलामा फोहरको ढल मिसाउने कार्यलाई तुरुन्त वन्द गरौं ।
- सडक पेटीमा सामानहरु राख्ने, वजारक्षेत्रमा आफ्नो पसल अगाडि बाटोलाई असर पर्ने, शहरको सुन्दरता विग्रिने गरी टिन, प्लाष्टिक र तिरपालको छानो लगाई व्यापार गर्ने कामलाई तुरुन्तै वन्द गरी घर वा पसलभित्रबाट मात्र ब्यापार गरौं ।
- सुंगुर, बंगुर, कुखुरा पालन गर्दा छिमेकीको सहमती र नगरपालिकाको अनुमति लिएर सरसफाइको ख्याल गरी व्यवस्थित रुपमा मात्र पाल्ने गरौं ।
- नगरपालिकाबाट अनुमति लिई नक्शा पास गराएर मात्र घर लगायतका पक्की संरचना निर्माण गरौं । निर्माण भै सकेका घर नगरपालिकामा तुरुन्तै सम्पर्क गरी नक्शा नियमित र अभिलेखीकरण गरौं ।
- नगरक्षेत्र भित्र आगलागी भएमा दमकलको सेवा लिनका लागि जिल्ला प्रहरी कार्यालयको फोन ०७५-५२०१५५ रेसुङ्गा नगरपालिकाको ०७५-५२०१५०, ९८५७०७३१११, ९८५७०६४८५७ र शसस्त्र प्रहरी बलको ९८५१२७२२३५ नम्बरमा जानकारी गराऔं ।
- आ-आफ्नो घर वरिपरि खुला ठाउँहरुमा वृक्षारोपण गरौं । शहरी सौन्दर्य बढाऔं ।
- रेसुङ्गा नगरपालिकालाई सफा, सुन्दर र नमूना नगरपालिका निर्माण गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गरौं । सभ्य नागरिकको परिचय दिऊँ ।

(पुनस्च : माथि उल्लिखित अनुरोधको अवज्ञा गरी निषेध गरिएका कार्यहरु गरे गराएको पाइएमा फोहोरमैला व्यवथापन ऐन २०६८ को दफा ३५ र प्रचलित कानुन बमोजिम कसुर हेरी रु. एकलाखसम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय गर्न र रेसुङ्गा नगरपालिकाबाट उपलव्ध गराइने सबै सेवाहरु रोक्का गर्न रेसुङ्गा नगरपालिका बाध्य हुने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।)

अनुरोधक

रेसुङ्गा नगरपालिका, गुल्मी